

# करुणामा सहयोगी हात अगी बढाउने

जब तपाईले मुक्तिदाताको करुणाको उदाहरणलाई अनुसरण गर्नुहुन्छ, तपाईले थाहा पाउनुहुनेछ कि तपाईले अरुको जीवनमा फरक ल्याउन सक्नुहुनेछ ।

करुणा भनेको अरुको दुखको जानकारी हुनुका साथै त्यसलाई हलुका वा त्यसबाट आराम दिने इच्छा राख्नु हो । मुक्तिदातालाई पछ्याउने करार भनेको "एक अर्काको बोझ लिने" दयाको करार हो (मोसीयाह १८:८)। अरुलाई हेरचाह गर्न दिएको जिम्मेवारी भनेको परमप्रभुले जस्तै सेवा गर्ने अवसर हो: "करुणाले, फरक ल्याउदै" (येहुदा १:२२)। परमप्रभुले आज्ञा दिनुभयो कि, "हरेक मानिसले आफ्नो दाजुभाईलाई दया र करुणा देखाउनु" (जकरिया ७:९)।

## मुक्तिदाताको करुणा

मुक्तिदाताको सेवकाईमा करुणा एक प्रेरक शक्ति थियो (छेउको बार हेर्नुहोस्: "एक करुणायुक्त मुक्तिदाता")। साथीभाइहरु प्रतिको उहाँको करुणाले उहाँलाई अनगिन्ति पटक आफु वरिपरी रहेकालाई सहयोगी हात अगाडी बढाउन तुल्याएको छ । मानिसहरुका आवश्यकता र इच्छा बुझेर, उनीहरुलाई सबै भन्दा महत्व राख्ने कुरामा उहाँले उनीहरुलाई आशिष दिन र सिकाउन सक्नुहुन्थ्यो । हाम्रो दुखबाट हामीलाई माथि उठाउने मुक्तिदाताको इच्छा ले करुणाको अन्तिम कार्यमा पुर्यायो: मानवजातिको पाप र पीडाका लागि उहाँको प्रायश्चित्त ।

मानिसका आवस्यकतालाई सम्बोधन गर्न सक्ने उहाँको क्षमतालाई सेवा गर्दा हामीले सिक्न सक्ने एउटा कुरा हो । जब हामी पवित्र जिबन जिउछौँ र आत्माको प्रेरणालाई सुन्छौँ, हामीलाई महत्वपूर्ण तरिकाले सेवा गर्ने प्रेरणा मिल्नेछ ।

## हाम्रो करुणाको करार

स्वोर्गीय पिताले उहाँका सन्तान करुणायुक्त होउन् भन्ने  चाहनुहुन्छ (१कोरिन्थी १२:२५-२७ हेर्नुहोस्)। सच्चा चेला बन्नका लागि, हामीले करुणा को बिकाश गरि अरुलाई देखाउनु पर्छ,खास गरि आवस्यकतामा रहेकाहरुलाई (सि र क ५२:४०)।

हाम्रा बप्तिस्मको करारद्वारा येशू ख्रीष्टको नाम हामी आफैमा लिएर हामीले यो गवाही दिन्छौँ कि हामी करुणाको अभ्यास गर्न इच्छुक छौँ। अध्यक्ष हेन्री बि. आइरिङ्ग, प्रथम अध्यक्षतामा दोश्रो सल्लाहकारले सिकाउनुभयो कि पवित्र आत्माको बरदानले त्यसो गर्न सहयोक गर्दछः "तपाई येशू ख्रीष्टको चर्चको करारबद्ध सदस्य हुनुहुन्छ।...

"त्यसैले तपाईसँग दुख र अप्ठ्यारोको भारिसँग अगाडी बाढ्न संघर्ष गरिरहेको व्यक्तिलाई सहयोक गर्ने चाहना छ। तपाईले उनीहरको बोझलाई हलुका पार्न र

सान्त्वना दिन सहयोक गर्छु भनि परमप्रभुलाई प्रतिज्ञा गर्नुभएकोछ। तपाईले पवित्र आत्माको बरदान प्राप्त गर्दा तपाईलाई ति भारीहरु हलुका बनाउने शक्ति दिइएको थियो।" १

उदाहरणका लागि रूसमा एउटा बहिनीको अप्ठ्यारो पारिवारिक अवस्था थियो जसले उहाँलाई चर्च जान एक बर्ष सम्म बन्चित गर्यो। त्यो साखाको अर्को बहिनीले करुणामा हरेक आइतबार उहाँलाई वक्तव्यहरु, पाठहरु, सुसमाचार प्रचार सेवाका बोलावटहरु, बच्चा जन्मिएका र साखाका अरु खबरहरु दिन उहाँलाई कल गर्नुहुन्थ्यो। जब ति बहिनीको समस्या समाधान भयो, उहाँको साथीको साप्ताहिक कलले गर्दा उहाँले अझैपनि आफु त्यो साखाको सदस्य रहेको महसुस गर्नुभयो।

नोटहरु

१. Henry B. Eyring, "The Comforter," *Liahona,* May 2015, 18.

### करुणा बिकाश गर्ने चारवटा सुझावहरु

प्रायजसो हामीले हाम्रो आफ्नै चुनौतीहरु अनुभव गरेपछि करुणा बृद्दी हुने भएतापनि, करुणा बिकाश गर्न हामीले आज गर्न सक्ने केहि कुराहरु छन्। तपाईले यी चार सिद्धान्तहरु प्रयोग गर्न सक्ने तरिकाहरु का बारेमा सोच्नुहोस्।

**त्यसका लागि  प्रार्थना गर्ने**. जब तपाईले स्वोर्गीय पितालाई विन्ती गर्नुहुन्छ, उहाँले तपाईको हृदय खोल्दिनुहुन्छ, र "अरु मानिसको अनन्त कल्याण र खुसीका लागि तपाईले सच्चा चिन्ता महसुस गर्न थाल्नुहुन्छ" (*Preach My Gospel: A Guide to Missionary Service* [2004], 118; मोरोनी ७:४८ पनि हेर्नुहोस)।

**अभ्यास गर्नुहोस्.** तपाईले सुनेर र बुझेर करुणा देखाउन सक्नुहुन्छ। उनीहरुको अवस्थामा आफैलाई राख्नुहोस् र उनीहरुले कस्तो महसुस गर्छनहोला भन्ने विचार गर्नुहोस्। यदी समय र परिस्थिति मिल्यो भने, तपाईले उनीहरुको पीडा, दुःख वा व्यथालाई कम गर्न सक्नुहुन्छ।

**प्रेरणाहरु सुन्नुहोस्.** परमप्रभुले हामीलाई करुणा देखाउने तरिकाहरु प्रकट गर्दिन सक्नुहुन्छ जुन हामीले नदेखेका हुनसक्छौँ। जब तपाईले पवित्र आत्माबाट अरुलाई सहयोक गर्ने प्रेरणा पाउनुहुन्छ, त्यसमा कार्य गर्न नहिच्किचाउनुहोस्।

**एउटा व्यक्तिगत साथि बन्नुहोस्.** करुणा देखाउने भनेको मानिसहरुका बारेमा सच्चा चासो देखाउने जस्तो साधारण कुरा पनि हुनसक्छ। राम्रोसँग सुन्न सिक्नुहोस् (see "Ministering Principles: Five Things Good Listeners Do," *Liahona,* June 2018, 6–9) उनीहरु प्रतिको तपाईको माया बृद्दी हुनेछ, र त्यो माया देखाउने तरिकाहरु पहिचान गर्न सजिलो हुनेछ।

### करुणायुक्त मुक्तिदाता

येशू ख्रीष्टको सेवकाईको समयमा उहाँको करुणाले उहाँलाई चंगाई गर्न, आशिष दिन र आफु वरिपरी हुनेलाई सिकाउन कसरि प्रेरित गर्यो भन्ने हेर्न यी केहि धर्मशास्त्रहरु पढ्नुहोस्: मत्ति ९:३५-३८;१४:१४; १८:२७, ३३; २०:३०-३४; मर्कूस १:४०-४२; ५:१९; ६:३०-४२; ९:२२; लुका ७:१३; १०:३३; १५:२०।

सेवाका सिद्धान्तहरु एक अर्कालाई सेवा गर्न सिकाउने उदेश्यका लागि हो-सन्देशका रुपमा बाँड्न होइन। जब हामीले आफुले सेवा गर्नेहरुलाई चिन्छौँ, हाम्रो हेरचाह र करुणाका साथै उनीहरुलाई के सन्देश चाहिएकोछ भन्ने बारे पवित्र आत्माले प्रेरणाद्वारा हामीलाई थाहा दिनुहुनेछ।

© 2018 by All rights reserved. Printed in USA. English approval: 6/17. Translation approval: 6/17. Translation of *Ministering Principles, July 2018.* Nepali. 15050 372